"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
DHARAN SUB-METROPOLITAN CITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सुनसरी, १ नं. प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal
................................ महाशाखा / ~~शाखा~~ / ~~उपशाखा~~

पत्र संख्या :-
चलानी नं. :- ४२८२

शिक्षा, युवा तथा खेलकुद

मितिः २०७८।११।२३

**विषयः आवेदन फाराम भर्ने भराउने सम्बन्धमा ।**

श्री कक्षा ८ संचालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु,
धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा धरान उपमहानगरपालिका, **नगरस्तरीय आधारभूत शिक्षा परीक्षा समिति**को मिति २०७८।११।२२ को बैठकबाट आधारभूत शिक्षा उत्तीर्ण (कक्षा ८) परीक्षा सञ्चालन सम्बन्धमा देहाय अनुसारका निर्णयहरु भएकाले सोहि बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

**तपसिलः**

१. आधारभूत शिक्षा उत्तीर्ण (कक्षा ८) परीक्षामा सहभागी हुनका लागि कक्षा ७ उत्तीर्ण गरेको र २०७८ चैत्र मसान्त सम्म १२ वर्ष उमेर पूरा भएको हुनुपर्नेछ।
२. विद्यालयहरुले आधारभूत शिक्षा उत्तीर्ण (कक्षा ८) परीक्षामा सहभागी हुने विद्यार्थीहरुको आवेदन फाराम भरी भराई २०७८ चैत्र १० गतेभित्र शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेस गर्नुपर्नेछ ।
३. शैक्षिक सत्र २०७८ को कक्षा ८ को वार्षिक परीक्षा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) बाट सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने हुँदा देहाय अनुसार गर्नु गराउनु पर्नेछः

तपसिलः

- विद्यालयले iemis.doe.gov.np बाट लगइन गरी school Id र password राखेर login गर्ने र Manage Exam भित्र Download Template भित्र रहेको Grade VIII Template डाउनलोड गर्ने ।
- Template मा भएको विद्यार्थीहरुको विवरणलाई Alphabet वा Registration Id कुन आधारमा काम गर्ने हो, सो छनौट गरी Personal info मा गई विद्यार्थीहरुको विवरण (नामको spellings, जन्म मिति आदि) सहि भएको एकीन गरी सिम्वोल नम्बर कायम गर्ने । सिम्वोल नम्बर कायम गर्दा क्रमसः २ अंकको साल, १ अंकको कक्षा, ३ अंकको विद्यालय कोड र ३ अंकको विद्यार्थीको नम्वर कायम गर्ने । विद्यालय कोड गत वर्षकै ३ अंकको कोड लेख्ने । जस्तैः

| साल | कक्षा | विद्यालय कोड | विद्यार्थी नम्वर |
|---|---|---|---|
| ७८ | ८ | ००१ | ००१ |

- सिम्बोल नम्बर कायम गरे पश्चात Template बाटै समष्टीगत विवरण निकाली आवेदन फाराम साथ पेस गर्ने ।

**पुनश्चः** *संस्थागत विद्यालयहरुले परीक्षा शुल्क बापत प्रति विद्यार्थी रु चार सय बुझाउनु पर्नेछ ।*

रमेशकुमार शाह
शाखा अधिकृत (अधिकृत सातौं)

बोधार्थः
श्री सूचना शाखा, धरान उ.म.न.पा. - पत्र website मा upload गरिदिनु हुन ।